'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
वर्ष १ अंक : ३९ विहिवार १७ असोज, २०८१ 03 (Thursday) October 2024 पृष्ठ ४, मूल्य रु : १०।-

## नेपालमा जहाँ हेऱ्यो त्यही बेथिति

# समयमा सडक नबन्दा स्थानीयलाई सास्ती

नमस्ते समचारदाता
बाँके, असोज/१६



हुलाकी राजमार्ग अन्तर्गत बाँकेको कम्दी स्थित राप्ती नदी नजिकको सडक समयमा निर्माण नहुँदा स्थानीयलाई आवतजावत गर्न सारै कठिनाइ भएको छ । कम्दी मिलनचोक देखि राप्ती पुलसम्मको करिब एक किलोमिटर सडक जीर्ण भएको कयौं महिना भैसक्दा पनि त्यसको निर्माण नहुँदा आवतजावत गर्न सारै अप्ठेरो भएको स्थानीयहरु बताउँछन् । सडक समयमा नबनेका कारण स्थानीयले सास्ती खेप्नुपरेको कम्दीका भोला गुप्ताले बताए । ठेक्का लिएको कम्पनीले सडक निर्धारित समयमा निर्माण नगर्दा वर्षाको समयमा सबैभन्दा बढी सास्ती झेल्नुपरेको उल्लेख गर्दै गुप्ताले सडक निर्माणको काम समयमा नहुँदा त्यस आसपासका स्थानीय बासिन्दा बढी प्रभावित भएको प्रतिक्रिया दिए । 'हुलाकी राजमार्गअन्तर्गत मिलन चोकदेखि राप्ती पुलसम्मको सो सडक निर्माणका लागि विगत लामो समयदेखि स्थानीय र जनप्रतिनिधिले माग गर्दै आएका थिए। निर्माण त हुने निश्चित भयो तर समयमा काम नगरपछि वर्षाको समयमा आवतजावत गर्न निकै कठिन भएको छ', उनले भने । नरैनापुर गाउँपालिकाका अध्यक्ष इस्तियाक अहमद शाहले सडक जीर्ण भएका कारण सवारी साधन आवतजावत गर्न अप्ठेरो भएको र दुर्घटनाको जोखिम भएको उल्लेख गर्दै सात दिनभित्र सो सडक निर्माण नगरे हुलाकी सडकमा नै अनशन बस्ने चेतावनी दिएका छन् । शाहले छिटो भन्दा छिटो सडक निर्माणका लागि पटकपटक गरिएको आग्रहको बेवास्ता भएको जनाउँदै सात दिनभित्र सडक निर्माणको काम पूरा गर्न ठेकेदारलाई अनुरोध समेत गरेका छन्। 'जीर्ण सडकको अवस्थाका कारण गाउँबाट अस्पताल उपचारमा गइरहेकी गर्भवतीलाई चोट लागेको छ', शाहले बताए। हुलाकी राजमार्ग निर्देशनालय नेपालगञ्जका प्रमुख लीला भण्डारीले उक्त सडकलाई ग्राभेल गरी यात्रुलाई आवतजावत गर्न सहज बनाउनका लागि काम भइरहेको जानकारी गराएका छन् । सडक डिभिजन कार्यालयका प्रमुख नरेन्द्र भट्टले राप्ती पुलको छेउमा हुलाकी सडक जीर्ण बनेपछि स्थानीयले सास्ती खेप्नुपरेको स्वीकार गर्दै राप्ती नदीको पूर्वी खण्डमा पर्ने निर्माणाधिन पुलको निर्माणका लागि ठेक्का पाएको लुम्बिनी-रौताहा वन्दना भगवती जेभी कन्स्ट्रक्सन प्रालिको ढिलासुस्तीका कारण सडक निर्माण हुन नसकेको जानकारी गराए । हुलाकी राजमार्ग निर्देशनालयसँग समन्वय गरी अबको एक हप्ता भित्र सो सडकको निर्माण गरिने उनको भनाइ छ । सो सडकबाट राप्तीसोनारी, नरैनापुर र डुडुवा गाउँपालिकाका गरी सयौ स्थानीयहरु दैनिक आवजावत गर्ने गर्छन् ।

# माटोको ढिस्को खस्दा दुई जनाको मृत्यु



नमस्ते समचारदाता
हुम्ला, असोज/१६

माटोको ढिस्को खसेर दुई जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । दशैका लागि सरसफाइ गर्न घर लिपपोत गर्नका लागि माटो खन्ने क्रममा ढिस्को खस्दा त्यसमा पुरिएर दुई जनाको मृत्यु भएको हो । ताँजाकोट गाउँपालिका-३ को राम गाउँमा माटोको ढिस्को खस्दा दुई जनाको मृत्यु भएको र एक जना घाईते भएको प्रहरी निरीक्षक सुरेश सुबेदीले बताए । मृत्यु हुनेमा ताँजाकोट गाउँपालिका रोजगार शाखाका २४ वर्षका प्राबिधिक धुर्ब शाही र सोही वडाकी करिव २४ वर्षीय सरा मल्ल रहेको उनले बताए । त्यसैगरी माटोको ढिस्कोमै पुरिएर सो वडाकी वर्ष २६ का लालबहादुर शाही घाइते भएका छन् । माटोको ढिस्कोमा पुरिएको साल निकाल्ने कार्य भइरहेको स्थानीय गोपाल बुढाले बताए । उनका अनुसार यो घटना अहिले बिहान भएको हो । दशैको अवसरमा घरआँगन सफा गर्नको लागि माटो निकालेर घर लिपपोत गर्ने गरिन्छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

# लागु औषध कारोबार नियन्त्रणमा बाँके प्रहरीको सक्रियता

नमस्ते समचारदाता
नेपालगन्ज, असोज/१६




बाँकेमा यति बेला लागु औषधको कारोबार गर्ने व्यक्ति तथा विभिन्न समुहहरुलाई नियन्त्रणमा लिने तथा लागु औषध कारोबारलाई पुरै नियन्त्रणमा लिन प्रहरी सक्रिय भएको छ। यसै क्रममा यही हप्ता मात्रै बाँके प्रहरी नेपालगन्जबाट ठूलो परिमाणमा प्रतिवन्धित लागु औषध बरामद गरेको छ । नेपालगन्ज उपमहानगरपालिका वडा नं.२० राँझाबाट प्रहरीले ९९ सय ग्राम प्रतिवन्धित लागु औषध ब्राउन सुगर सहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही स्थान बस्ने लाल चन्द्र कामी र भारत रुपैडिया बस्ने राहुल शुक्ला रहेको बाँकेका प्रहरी प्रमुख एसपी तुलबहादुर कार्कीले जानकारी गराएका छन् । जिल्ला प्रहरी कार्यालय बाँके, लागु औषध नियन्त्रण व्यूरो महेन्द्रनगर कञ्चनपुर र लागु औषध नियन्त्रण व्युरो बाँकेबाट खटिएको संयुक्त टोलिले लाल चन्द्र कामीको डेराकोठामा खानतलासी गर्ने क्रममा भारत रुपैडिया बस्ने राहुल शुक्लाको पाईन्टको दायाँ खल्तीबाट प्लाष्टिकको दुई पोका लागु औषध ब्राउन सुगर फेला पारेको थियो । कोठामा रहेको खाटमा लागु औषध ब्राउन सुगर तौल गर्न प्रयोग गरिने डिजिटल तराजु समेत बरामद गरिएको एसपी कार्कीले बताए। प्रहरीका अनुसार कामी र शुक्ला दुवै जना लागु औषध कारोबारी रहेको खुलेको छ। शुक्लाले भारतबाट लागु औषध सप्लाई गर्ने नेपालमा रहेका आफ्ना साथीहरुको माध्यमबाट नेपालमा बिक्री गर्ने गरेको बुझीएको छ। दुई जनालाई नियन्त्रणमा लिएर अनुसन्धान सुरु भइरहेको प्रहरीले जनाएको छ । खुला सीमानाकाका कारण बाँकेमा लागु औषधको कारोवार सधै भैरहेको हुन्छ। यद्यपी बाँकेमा एसपी कार्की आइसकेपछि लागु औषध नियन्त्रण र नियमनका लागि प्रभावकारी भूमिका निर्वाह गर्दै आइरहेका छन् । कारोवारी र प्रयोगकर्ता माथि निगरानी बढाएपछि बाँकेमा लागु औषध कारोवारीहरु पक्राउ पर्न थालेका छन्।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
हिमाली गाउँपालिका
धुलाचौर,बाजुरा

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## अबको प्राथमिकता उद्धार र राहात हुनुपर्दछ

गत हप्ताको मौसमजन्य विपद् अर्थात भिषण वर्षाको कारणले आएको बाढी, पहिरो तथा डुवानबाट लाखौं सयौं नेपाली नागरिकको ज्यान गएको छ। लाखौं नागरिकको अरबौंका क्षती भएको छ भने सार्वजनिक सम्पत्ति र संरचना सहितको कुरा गर्ने हो भने खर्बौंको क्षती भएको छ। देश र नेपाली जनताको दैनिकी सामान्य अवस्थामा अझै आइसकेको छैन । यस्तो समयमा एकातिर समय ढुकेर बसेकाहरुले यही मौका हो कमाउने भन्दै आफ्नो पहुँच भएका क्षेत्रमा कालो बजारी शुरु गरिसकेका छन् भने त्यस किसिमका कार्यहरुलाई नियन्त्रण, नियमन र निगरानी गर्न राज्यमा निकायहरु त्यति सक्रिय भएको देखिदैन । यसबाट पनि नेपाली नागरिकहरुलाई दुख र पिडाको समयमा थप पिडा र दुख दिने काम भैरहेको छ । अब सबै तहका सरकार र तिनका संयन्त्रहरुले ध्यान दिनु पर्ने भनेको पिडामा छटपटाईरहेका आफ्ना नागरिकहरुका लागि उद्दार र राहत नै हो। विगतमा यस्ता विपद् पर्दा नेपाली जनतालाई गरिने राहत वितरण कहिल्यै पारदर्शी र निष्पक्ष भएन भन्ने गुनासोहरु ब्यापक सुनिएको थियो । यस पटक त्यस्तो नहोस् । जसले राहत पाउनु पर्ने हो उसैले पाओस् र समय मै पाओस् । दशैं आइसक्यो । पिडामा दिन बिताइरहेका नागरिलाई सरकार थोरै भए पनि उनीहरुको आँसु पुछ्न सकोस् । तत्काल पिडामा भएका नागरिकहरुको उद्दार र राहात दिने कार्य सरकारको पहिलो प्राथमिकतामा पर्नु पर्दछ। नेपालमा सरकारका कामहरु गर्ने प्रक्रियागत प्रणालीहरु नै लम्बा र झनझटिला प्रकृत्तिका छन्। सरकारले राहात दिने निर्णय त गर्दछ तर त्यो सरकारी राहार पीडित जनता सम्म पुग्ने बेला सम्म पीडितको मृत्यु समेत भैसकेको हुन्छ। त्यसै यस्तो नागरिक आपत्तिमा परेका बेला राहात वितरण गर्ने सरकारको नीति छिटोछरितो हुनु आवश्यक छ । सरकारले राहात वितरण गर्दैछौं भनेर डंका पिटिरहने तर राहात बाँड्ने लम्बा र झन्झटिला प्रक्रियाले गर्दा पीडित जनता सम्म राहात पुग्न महिनौं लाग्ने विगतको गराइबाट यस पटक सरकारी संयन्त्रहरुले शिक्षा लिनु पर्दछ ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सान्नी त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मेहलमुडी, कालीकोट

# विपत्तिले गिज्याइरहेको 'अमानवीयता'



डा. अतीन्द्र दाहाल



अर्तीपछि दिउँला, अहिले सकेसम्म आपसी हातेमालो गरेर बाढीको विपद्मा परेकाहरूको उद्धार र व्यवस्थापन गरौं । हालैको अविरल वर्षाकृत बाढीपहिरोबाट देशका विभिन्न भागमा गरी दुई सयभन्दा बढी व्यक्तिको दुःखद् निधन भयो । अझै केही सम्पर्कविहीन छन्, सम्भवतः जीवित नरहेको आशंका छ । थुप्रै परिवारको सपना उजाडियो, जीवन बाँच्ने आधार खोसियो । हजारौं यात्रु बीचबाटोमै अलपत्र भए । सार्वजनिक भौतिक संरचना र व्यक्तिका निजी सम्पत्तिमा भएको क्षतिको पूर्ण लगत आएको छैन । सामाजिक सञ्जालका अप्रमाणित सूचना, बाढीपहिरोका श्रव्यदृश्य सामग्रीहरूको आधारमा अनुमान मात्र गर्दा पनि अगणित भौतिक विनाश भएको स्पष्ट हुन्छ । राजधानी र मोफसललाई जोड्ने अधिकांश सडक सञ्जाल बन्द भए र अहिले पनि पूर्ण निर्भयतासाथ सञ्चालन हुन सकेको छैन । जिल्ला सदरमुकाम र विभिन्न गाउँको सडक सञ्जालसमेत केही हदसम्म अवरुद्ध छन् । थुप्रै ठाउँमा विद्युत्, सञ्चा लगायतका सेवा अझै सुचारु हुन सकेको छैन। कतिपय गाउँबस्तीमा खाद्यान्न तथा औषधिजन्य संकट छ । बिजुलीका पोल तथा रुख घरमाथि बजारिएका छन् । धन, जन विनाशको यो विकराल तथा अत्याशलाग्दो त्रासदीसँगै तनाव व्यवस्थापन अर्को चुनौती बनिरहेको छ। अठारौं शताब्दीका विख्यात लेखक थोमस रोबर्ट माल्थसले सन् १७९८ मा प्रसिद्ध एक अवधारणा 'द प्रिन्सिपल अफ पपुलेसन' प्रकाशित गरे । त्यसले प्राकृतिक विपत्तिलाई एउटा आवधिक नियमितता मान्छ । मानवले नचाहेर पनि सामान्यतया २५ वर्षको चक्रीय हिसाबमा सबै क्षेत्रमा कुनै न कुनै विपत्ति भोग्नुपर्ने दाबी गरिएको छ । सबै प्रकारका भू-वनावटमा छुट्टाछुट्टै खालका विपत्तिको जोखिम रहन्छ । नदीतट तथा समतल क्षेत्रमा बाढी, पहाडमा पहिरो तथा भूक्षय, हिमालमा हिमपात विश्वव्यापी चरित्र हुन् । सबै मिलेर विपत्तिसँग जुध्नुपर्छ, आफू बाँच्नुपर्छ र अरूलाई बचाउनुपर्छ । यद्यपि विपत्तिलाई मौकाको फाइदा उठाउने अवसर खोज्ने अथवा मानव भएर गर्नुपर्ने सामान्य मानवीय दायित्वसमेत बहन गर्न नखोज्नेहरूको संख्या पनि बाक्लै देखियो। यस विपत्तिमा देखिएका कम्तीमा आधा दर्जन सन्दर्भले समाज ढोंगी, असहयोगी, अवाञ्छित फाइदा केन्द्रित, स्वार्थपरक एवं अभिमानी हुँदैछ र समाजबाट मानवीयता हराउँदैछ भन्ने छर्लंग पारिदयो । पहिलो, बेलैमा यस्तो विपत्को सूचना थियो, मौसमविद्हरूले यो विध्वंशको सम्भावना बताएका थिए तर सरकारले खासै सुरक्षा सतर्कता र विपत् व्यवस्थापन रणनीति अपनाउन सकेन। अभिभावकीय नेतृत्व लिन सरकार चुक्यो। दुई तिहाइको बलियो र देशका सबैभन्दा पुराना भनिएका दलको संयुक्त सरकार बलियै र ठूलै अक्षमताको मानक बन्यो। अलिकति लेदो नपन्छाइदिएका कारण लामो समय 'होल्ड' हुनुपर्दा झ्याप्ले खोलाको पासोमा ३५ भन्दा बढी व्यक्तिको ज्यान गयो । लेदो पन्छाइदिन बेलैमा अनुरोध गर्दा यात्रुमाथि नै दुर्व्यवहार भएको घटनाले राज्यले पनि मानवीयता गुमाएको देखाउँदैन र ? दुई, हवाईसेवा प्रदायकहरूले टिकटको भाडादर अचाक्ली महँगो गरेर निर्ममतापूर्वक यात्रुहरूको शोषण गर्दैछन् । नजिकिएका चाडपर्व लक्षित बाक्लो र बाध्यात्मक आवागमनबाट अकुत कमाउने अभिलाषा देखिन्छ । भूकम्पको विपत्तिमा नेपाल टेलिकमले केही दिन नागरिकलाई निःशुल्क फोन सुविधा दिएको थियो। व्यावसायिक घरानाको व्यावसायिक सार्वजनिक दायित्व (कर्पोरेट सोसल रेस्पोन्सिविलिटी) भन्ने पनि हुन्छ। तर यहाँ त आपत्मा सहयोग र सहजीकरण गर्न छाडेर कमाउने मौका बनाउँदैछन् । तीन, बिचल्लीमा परेका यात्रुहरूको बाध्यतालाई खिल्ली उडाउँदै सडक नजिक भएका पसलहरूमा खाद्यवस्तुको अस्वाभाविक मूल्य लिइयो। सबैजना केवल आफ्नो सुविधा अनुसार फाइदाका पछि थिए, स्वार्थ लक्षित थिए। सेवाभाव त केवल समान पीडामा रहेकाबीच मात्र सीमित थियो। समाजसेवाका नाममा पीडितमाथि भद्दा मजाक गर्नेहरूको आगामी दृश्य त सायद आउनै बाँकी होला । चार, आफूलाई विज्ञ त्यो पनि नवीनतम् अवधारणाको बुज्रुक मान्ने एकथरी मानिस जलवायु परिवर्तनको हुँकार लाउँदै थिए । तापमानमा निरन्तर वृद्धि, बढ्दो कार्बन उत्सर्जन, समुद्र सतहको बढ्दो उचाइ, ऋतुसँग असंगतिपूर्ण मौसम र हावापानी, अनि विभिन्न खालका विपत्हरूले विश्वलाई नयाँ चुनौती थप्दैछ। मानिसले वातावरण विरोधी कार्यको फल पाएको भनेर अरूहरूको दुःखमा बोझ बोकाउने अशोभनीय हर्कत पनि देखियो। कारण जेसुकै होस्, विपत्तिमा पहिले उद्धार, राहत अनि व्यवस्थापन सकेपछि मात्र बाँकी कुरामा विमर्श गर्नु स्वाभाविक हो। विपत्ति कहिल्यै पनि उत्सवको विषय हुन सक्दैन । देशमा ५५ वर्षपहिले पनि यत्तिकै विशाल वर्षाद् तथा समान तवरको क्षति भएको तथ्यांक रहेछ । कसरी यो विपत्ति केवल जलवायु परिवर्तनको मात्र उपज हुन सक्छ र? उनीहरूको उष्ण विश्लेषणप्रेमी आचरणभित्र मानवीयता भने मरणासन्न भइसकेको थियो । पाँच, केही मानिस प्रधानमन्त्री केपी ओली र काठमाडौं महानगरका मेयर बालेन साहका परस्पर विपरीत अडान तथा सर्वोच्च अदालतका फैसलालाई लिएर एकअर्कालाई घोचपेच गरिरहेका थिए। खोलाले कति ठाउँ चाहिन्छ भन्ने आफैं बताइसकेको स्थिति छ । को नेता सही कि गलत भनेर महिमामण्डन अथवा भक्तिभजनमा समय खेर फाल्नै पर्दैन। छ, केही व्यक्ति भने बस्तीमा खोला पसेको नभै खोलामा बस्ती बसेकाले यस्तो भएको भनेर हाँसीमजाक पनि गर्दै थिए । खोलाका छेउमा बस्ती बस्ने कुरा सभ्यताको अभिप्राय पनि हो। ईशापूर्व १२औंदेखि नवौंसम्मको ग्रिक सभ्यता र विकास, ईशापूर्व २७ बाट सन् ४७६ सम्मको प्रसिद्ध रोमन सभ्यतालगायत पछि आएका इजिप्सियन, मेसोपोटामिया, ह्वांगो उपत्यकालगायत सिन्धु घाँटी सभ्यता तथा विकासहरू नदी अनि समुद्र तटका क्षेत्रहरूबाट सुरुवात भएको इतिहास लेखिएको छ । नदी छेउमा बस्दा उत्पादन राम्रो हुने, बस्तु ढुवानी तथा विनिमय सहज बन्ने, जलशक्तिबाट सञ्चालित औजार तथा उपकरणको प्रयोगका कारण जीवन सरल बन्ने हुन्थ्यो । क्रिस्टोफर स्मलको अनुसन्धान 'अ ग्लोबल एनालिसिस् अफ ह्युमन सेटलमेन्ट इन् कोएस्टल जोन' र वाइन ब्लेडसोइको पुस्तक 'द अडभेन्ट अफ सिभिलाइजेसन'ले यस तथ्यलाई प्रस्ट पारेको छ । नाइल सभ्यताका बारेमा त हामी सबैसँग थोरबहुत अध्ययन छ । त्यही भएर नदीतटको बस्ती चाहिँ सदैव अदूरदर्शी लहड र अवैज्ञानिक कदम नै हो भन्ने तर्कसमेत आग्रहपूर्ण फलेसी (सुन्दा सही जस्तो लाग्ने प्रस्ट भ्रम अथवा कुतर्क) पनि हो । यद्यपि प्रकृति सबैभन्दा अनीतिक्रम्य र सर्वजितचाहिँ छिन् । कसैको पनि पीडामा हर्ष प्रदर्शन र बाध्यतामा अनुचित लाभ अक्षम्यमात्र होइन कि संघीन मानवीय अपराध नै हो । विपत्ति आइसकेपछिको समयमा उद्धार, राहत तथा व्यवस्थापन पहिलो प्राथमिकता एवं मुख्य कार्यभार हुन् । युट्युबहरूको भीडभाड र सतही प्रचारबाजीमा कति पनि लालयित नभई सेनालगायतका सुरक्षा निकायले आफ्नो ज्यानबाजीमा लगाएर बिचल्लीमा फसेकाहरूको अहोरात्र उद्धार गरिरह्यो । उनीहरूलाई सम्मान । पीडितहरूको विचलित मनोविज्ञान अनि स्वाभाविक छट्पटाहट कम्ती हृदयविदारक छैन । अफसोस्, सके सहयोग गर्ने, नसके पनि दुःख महसुस गर्ने र पीडा साट्न खोज्नुपर्ने मानवीयताबाट समाज, सरकार र सरोकारवाला हामी सबै निकै पर भाग्दैछौं । पीडितहरूको आँटमा सकेको मलम लगाउने, रोदनमा सहानुभूति देखाउने धर्मको सट्टा उनीहरूको बाध्यता र असहजतालाई पासो थापेर मौकाको गलत फाइदा लिनु अथवा हासिमजाकमा उत्रनु शोभनीय हुँदैन, भएन पनि । तर असंख्य मानिसको ध्यान यतापट्टि मोडिएको छ । बहस पछि गरौंला, अहिले सहयोगी व्यवहार देखाऔं । अर्ती पछि दिउँला, अहिले सकेसम्म आपसी हातेमालो गरेर विपत्मा परेकाहरूको उद्धार र व्यवस्थापन गरौं । जीवन सहज बनाइदिनेतिर लागौं । मृत्युमा उत्सव र पीडामा हाँसीमजाक कुनै पनि बहानामा क्षम्य तथा स्वीकार्य हुँदैन । मानव बनौं, मानव सेवामा समर्पित होऔं । सके सहयोग गरौं, नसके पनि शोषण नगरौं । यस चराचर जगत्मा सृष्टि भएका सबै प्राणीमध्ये हामी स्वयं मानवलाई उच्च दर्जाको ठान्दछौं । त्यसो भए, सामान्य मानवीयताको समेत धज्जी उडाउने गरी अमानवीय चाहिँ नबनौं, बन्दै नबनौं । कसैको पनि पीडामा हर्ष प्रदर्शन र बाध्यतामा अनुचित लाभ अक्षम्यमात्र होइन कि संघीन मानवीय अपराध नै हो । विपत्ति आइसकेपछिको समयमा उद्धार, राहत तथा व्यवस्थापन पहिलो प्राथमिकता P] +dVo s fo{f/ xg\. –अन्नपूर्ण

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

पचालझरना गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पडेक्षा, कालीकोट

# दाङमा मनसुनजन्य विपत्तिबाट दुई करोड बढीको क्षति



■ नमस्ते समचारदाता
दाङ, असोज/१६

दाङमा तीन महिनाको अवधिमा मनसुनजन्य विपत्तिबाट १३ जनाको मृत्यु भएको छ। करिब दुई करोड बढी रुपैयाँको क्षति भएको छ। बर्षाद्को समयमा बाढी, पहिरो र डुबानलगायतमा विभिन्न घटनामा परेर गत जेठ २८ गतेदेखि असोज १४ गतेसम्म जिल्लामा १३ जनाको मृत्यु भएको जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रले जनाएको छ। जसमा सबैभन्दा धेरै आठ जना बर्षादको समयमा नदी तथा खोलामा आएको बाढीमा बगेर मृत्यु भएको जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रका प्रमुख शम्भु आचार्यले जानकारी दिनुभएको छ। आचार्यका अनुसार तीन जनाको चट्याङ लागेर र दुई जनाको सर्पदंशका कारण मृत्यु भएको छ। आपतकालीन कार्य सञ्चालन केन्द्रका अनुसार जिल्लामा प्राकृतिक विपत्तिबाट करिब दुई करोड ४९ लाख रुपैयाँ बराबरको क्षति भएको छ। बाढी, पहिरो र डुबानमा परेर तीन महिनाको अवधिमा जिल्लाका विभिन्न स्थानमा एकसय ६६ घरमा क्षति पुगेको जिल्ला आपतकालीन कार्य सञ्चालन केन्द्रका प्रमुख आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार विगतबाट क्षति भएका अधिकांश घरपरिवार विस्थापित हुनुभएको छ। आपतकालीन काम सञ्चालन केन्द्रलाई प्राप्त जानकारी अनुसार क्षति भएका परिवारलाई क्षतिको विवरणअनुसार न्यूनतम १५ देखि ५० हजारसम्म र मृतकका परिवारलाई एक लाख रुपैयाँका दरले राहत प्रदान गरेको छ। जिल्लामा विपद् व्यवस्थापन कोषबाट क्षति भएका घरपरिवार लाई दुई महिनाको अवधिमा १४ लाख ४० हजार राहत प्रदान गरिएको आचार्यले जानकारी दिनुभयो। आचार्यका अनुसार दुई महिनाको अवधिमा घोराहीमा क्षति भएको २६ परिवारलाई तीन लाख ७५ हजार, तुलसीपुरमा एक जना मृतकसहित १४ घरपरिवारलाई तीन लाख ८० हजार, लमहीमा पाँच घरपरिवारलाई ६५ हजार, राजपुर गाउँपालिकामा दुई मृतक परिवारसहित सात घरलाई चार लाख ७० हजार रुपैयाँ राहत प्रदान गरिएको छ। त्यसैगरी बंगलाचुली गाउँपालिकामा पाँच घरपरिवार लाई ७५ हजार, शान्तिनगर र बबई गाउँपालिकामा दुई-दुई घरपरिवारलाई तीस-तीस हजार र दंगीशरण गाउँपालिकामा एक घरपरिवारलाई १५ हजार रुपैयाँ राहत हस्तान्तरण गरिएको आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार साउन महिनामा मात्र ५९ घर परिवारका लागि आठ लाख ४० हजार रुपैयाँ राहत वितरण गरिएको छ।

# बाह्र वटा रणनीतिक अस्पताल प्रस्ताव

■ नमस्ते समचारदाता
सुर्खेत, असोज/१६




कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले कर्णालीमा रणनीतिक अस्पतालसम्बन्धी अवधारणा सार्वजनिक गर्नुभएको छ। सुर्खेतमा आयोजित कर्णाली प्रदेशमा दिगो विकास लक्ष्यको समीक्षा तथा समन्वयात्मक कार्यक्रममा रणनीतिक अस्पताल निर्माणबारे जानकारी दिनुभएको हो। उहाँले रणनीतिक अस्पतालहरूले दिगो विकासका स्वास्थ्यका उद्देश्यमा टेवा पुऱ्याउने भन्दै कर्णालीमा १२ वटा रणनीतिक अस्पताल प्रस्ताव गर्नुभयो। स्वास्थ्यलाई सहज, सुलभ र पहुँचयुक्त बनाउन रणनीतिक अस्पतालको अवधारणा ल्याइएको उहाँको भनाइ छ। भौगोलिक अवस्था, लाभान्वित जनसंख्या, निर्वाचन क्षेत्र, राजमार्गलक्षित स्थान र बिरामीको चापका आधारमा रणनीतिक अस्पताल क्षेत्र छनोट गरिने जानकारी उहाँले दिनुभयो। सुर्खेतको पञ्चपुरी, दैलेखको दुल्लु र राकमकर्णाली, जाजरकोटको नलगाड, रुकुमको आठबिसकोट, सल्यानको बागचौर र बनगाडमा रणनीतिक अस्पताल प्रस्ताव गरिएको छ। त्यसै गरी डोल्पाको मुड्केचुला, कालीकोटको रास्कोट, जुम्लाको कनकासुन्दरी, मुगुको खत्याड र हुम्लाको अदानचुलीलाई रणनीतिक अस्पताल क्षेत्र तोकिने प्रस्तावित योजना मन्त्री भण्डारीले सार्वजनिक गर्नुभयो। यी अस्पतालको स्तरोन्नति, जनशक्ति व्यवस्थापन, क्षमता विकास तथा स्रोत व्यवस्थापन गरी रणनीतिक अस्पताल सञ्चालन गर्ने योजना रहेको उहाँले स्पष्ट पार्नुभयो।

# रुकुमपश्चिममा मात्र बेरुजु एक अर्ब नाघ्यो

■ नमस्ते समचारदाता
रुकुमपश्चिम, असोज/१६




रुकुमपश्चिमका स्थानीय तहमा हरेक वर्ष बेरुजु बढ्दै गएको छ। आर्थिक वर्ष २०७९/८० को अन्तिम लेखा परीक्षणको प्रतिवेदन अनुसार यहाँका छ वटा स्थानीय तहको बाँकी बेरुजु रकम एक अर्ब रुपैयाँभन्दा बढी देखिएको छ। प्रचलित कानुनबमोजिम रित नपुऱ्याई, अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको बेरुजु रकम एक अर्ब २० करोड ८४ लाख ४२ हजार रुपैयाँ पुगेको छ। महालेखा कार्यालयको प्रतिवेदन अनुसार अघिल्लो आव २०७८/७९ सम्म जिल्लाका छ वटै पालिकाको बेरुजु ९१ करोड ९० लाख ८२ हजार रुपैयाँ रहेको थियो। आव २०७९/८० मा मात्रै ३२ करोड ९६ हजार रुपैयाँ बेरुजु थप भएको छ। प्रतिवेदन अनुसार चौरजहारी नगरपालिकाको हालसम्मको बेरुजु २९ करोड ४८ लाख ६८ हजार रुपैयाँ पुगेको छ। अघिल्लो आव २०७८/७९ सम्म २२ करोड ३७ लाख ६४ हजार रुपैयाँ बेरुजु रहेको यस पालिकामा आव २०७९/८० मा सात करोड ८० लाख ७६ हजार रुपैयाँ थप हुन आएको हो। त्यसै गरी आठबिसकोट नगरपालिकाको आव २०७८/७९ सम्म १५ करोड ७१ लाख ३४ हजार बेरुजु रहेकोमा आव २०७९/८० मा १० करोड ६४ लाख ९६ हजार रुपैयाँ थप भएको छ। यससँगै आठबिसकोटको अद्यावधिक बेरुजु २६ करोड सात लाख २६ हजार रुपैयाँ रहेको छ। प्रतिवेदनमा त्रिवेणी गाउँपालिकाको पनि २० करोड १४ लाख २२ हजार रुपैयाँ बेरुजु औँल्याइएको छ। अघिल्लो आव २०७८/७९ सम्म १६ करोड ८५ लाख १९ हजार रुपैयाँ रहेको यस पालिकामा आव २०७९/८० मा तीन करोड २९ लाख तीन हजार रुपैयाँ बेरुजु थप भएको हो। मुसीकोट नगरपालिकाको अद्यावधिक बेरुजु १७ करोड ८१ लाख २० हजार रुपैयाँ देखिएको छ। आव २०७८/७९ सम्म १६ करोड ३२ लाख ४९ हजार रुपैयाँ रहेको यस पालिकामा आव २०७९/८० मा तीन करोड ५७ लाख ३१ हजार रुपैयाँ बेरुजु थप भएको हो। आव २०७८/७९ सम्म ११ करोड ६२ लाख २२ हजार रुपैयाँ बेरुजु रहेको बाँफीकोट गाउँपालिकामा आव २०७९/८० मा पाँच करोड १६ लाख ४६ हजार रुपैयाँ थप भएको हो। महालेखाको प्रतिवेदन अनुसार यस पालिकाको अद्यावधिक बेरुजु १६ करोड ७८ लाख ६८ हजार रुपैयाँ पुगेको छ। जिल्लाको सानीभेरी गाउँपालिकाको भने सबैभन्दा कम बेरुजु बाँकी रहेको छ। सानीभेरीमा १० करोड ५४ लाख ३८ हजार रुपैयाँ बेरुजु बाँकी औँल्याइएको छ। अघिल्लो आव २०७८/७९ सम्म नौ करोड एक लाख ९४ हजार रुपैयाँ रहेको यस पालिकामा आव २०७९/८० मा एक करोड ५२ लाख ४४ हजार रुपैयाँ बेरुजु थप भएको प्रतिवेदनमा उल्लेख छ। बेरुजु रकमबारेमा मुसीकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहनप्रकाश गिरीले प्रतिवेदनले औँल्याएको बेरुजु रकम फर्स्योट गर्न लागिरहेको बताउनुभयो। उहाँले असुल गर्नुपर्ने रकम धेरै नभए तापनि नियमित गर्नुपर्ने, नियमसङ्गत गर्नुपर्ने, कागज जुटाउनुपर्ने रकम बेरुजुमा रहेको उहाँको भनाइ छ। आठबिसकोट नगरपालिकाका प्रमुख रवि केसीले बेरुजु निस्कँदैमा आर्थिक हिनामिना भइसक्यो भन्न नमिल्ने जिकिर गर्नुभयो। यसलाई जतिसक्दो छिटो नियमित गरिनुपर्ने उहाँको भनाइ छ। बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की बाँकी गरी तीन भागमा वर्गीकरण गरिएको हुन्छ। नगरप्रमुख केसीले स्थानीय तहले गरेको जनशक्ति व्यवस्थापनलगायत विषयका खर्च बेरुजुमा राखिएकाले ठूलो रकम बेरुजुमा देखिएको बताउनुभयो।

# बजेट अभावमा अलपत्र बार्जुकोट भ्यूटावर

■ नमस्ते समचारदाता
बाजुरा, असोज/१६

बाजुरामा पर्यटकीय क्षेत्रको रूपमा निर्माण गरिएको बुढीगङ्गा नगरपालिका-४ स्थित बार्जुकोट भ्युटावर अलपत्र परेको छ। आन्तरिक तथा बाह्य पर्यटकलाई भित्र्याउने तथा यहाँका स्थानीयको आर्थिकस्तर उकास्ने लक्ष्यसाथ निर्माण थालिएको सो भ्युटावर निर्माणको काम रोकिँदा अलपत्र परेको हो। पर्यटकीय क्षेत्रको रूपमा रहेको सो टावर निर्माणको काम सम्पन्न नहुँदा अलपत्र रहेको बुढीगङ्गा नगरपालिका-४ का स्थानीय रामचन्द्र गिरीले बताउनुभयो। उहाँले भन्नुभयो, 'यो टावरभन्दा त यहाँ रहेको पहिलाको दरबारलाई नै निर्माण गरिदिएको भए बरु त्यसमा अहिले वयोवृद्ध युवायुवतीहरू अवलोकनका लागि आउने जाने। त्यसलाई सङ्ग्रहालयको रूपमा पनि लिन सकिन्थ्यो।' यो काम न काजको भ्युटावर निर्माण गरेपछि अहिले यहाँका किशोर किशोरीहरू मदिरा र धुम्रपान सेवन गर्ने गरेको गिरीले बताउनुभयो। टावर निर्माण गरे पनि त्यसको काम सम्पन्न नहुँदा टावर अलपत्र परेको हो। टावर ठड्याउने काम मात्र भयो। लामो समयदेखि काम सम्पन्न भएन, स्थानीयको भनाइ छ। टावर सञ्चालनमा नल्याउँदा कतिपयका लागि अहिले यो गलत क्रियाकलाप गर्ने ठाउँको रूपमा स्थापित हुन थालेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन्। अहिले यो टावरमा १५ देखि २५ वर्ष उमेरका केटाकेटी बिहान, दिउँसो र रातिसम्म जाँडरक्सी लगायत धुम्रपान तथा मद्यपान गरेर त्यहीँ समय बिताउने गर्छन्। करिब पाँच वर्षदेखि बार्जुकोट भ्युटावर निर्माणको काम अलपत्र छ। टावर निर्माण सम्पन्न तथा सञ्चालन गर्ने विषयमा कसैले चासो लिएका छैनन्। टावर वन तथा पर्यटन विकास कार्यक्रम अन्तर्गत पर्ने भएकाले यसको रेखदेख डिभिजन वन कार्यालयले गरेको बुढीगङ्गा नगरपालिकाका प्रमुख प्रशासकीय नरेन्द्र नाथले बताउनुभयो। प्रदेश सरकार अन्तर्गतको पर्यटन विकास मन्त्रालयको आर्थिक सहयोगमा आव २०७७/७८ मा बार्जुकोटमा भ्युटावर निर्माणको काम सुरु गरिएको थियो। ऐतिहासिक तथा पुरातत्त्वको दृष्टिकोणले महत्त्वपूर्ण मानिएको आर्जुकोट दरबार क्षेत्रमा निर्माण गरिएको भ्युटावर निर्माणका लागि आव २०७७/७८ मा ३५ लाख र आव २०७८/७९ दोस्रो वर्ष ५० लाख रुपैयाँ बजेट विनियोजन गरिएको सचिव डम्मर रावतको भनाइ छ।

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।
ताँजाकोट गाउँपालिका
हुम्ला

# कर्णाली प्रदेशसभा अधिवेशन अन्त्य




नमस्ते समाचारदाता
सुर्खेत, असोज/१६

कर्णाली प्रदेशसभाको चौथो अधिवेशन गए राति १२ बजेदेखि अन्त्य भएको छ। नेपालको संविधानको धारा १८३ को उपधारा २ बमोजिम कर्णाली प्रदेशसभाको चौथो अधिवेशन गए राति १२ बजेदेखि अधिवेशन अन्त्य भएको हो। अधिवेशनका क्रममा ३३ बैठक भएका थिए। अधिवेशन अन्त्यका लागि बसेको सभाको बैठकमा मुख्यमन्त्री यामलाल कँडेलले नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन गर्न सबै निकाय प्रतिबद्धतापूर्वक लाग्नुपर्नेमा जोड दिनुभयो। रासस

# चाडपर्वको मुखैमा बजार अनुगमनमा कडाई

नमस्ते समाचारदाता
बाँके, असोज/१६

बाँकेको जानकी गाउँपालिकाले चाडपर्वलाई लक्षित गरी बजार अनुगमनलाई तीव्रता दिएको छ। चाडपर्वको समयमा अखाद्य वस्तुहरुको बिक्री बितरणमा विगविगी र कालो बजारी समेत भएको जनगुनासो बढेपछि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय नेपालगञ्जले बजार अनुगमन सुरु गरेको हो। अनुगमनका क्रममा विभिन्न पसलहरुमा म्याद गुजेका अखाद्य वस्तु र पसल दर्ता नै नभई सञ्चालन भएको समेत पाइएको छ। जानकी गाउँपालिकाको समन्वयमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयले बजार अनुगमनलाई तीव्रता दिएको हो। वाणिज्य, आपूर्ति, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, नापतौल कार्यालय तथा उपभोक्ता हित संरक्षण मञ्च नेपालगञ्जले पालिकाका विभिन्न वडामा रहेका पसलहरुको अनुगमन गरेका छन्। वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयका प्रमुख हरिबहादुर खत्रीले अनुगमनका क्रममा पसलहरुमा म्याद गुज्रिएका वस्तुहरु पाएको, पसलहरु सम्बन्धित निकायहरुमा दर्ता नै नगरेर व्यवसायहरु सञ्चालन गरिरहेका समेत भेटिएको बताए।



# सीता एयरद्वारा सिमकोट विमानस्थलमा उडान

नमस्ते समाचारदाता
हुम्ला, असोज/१६

हिमाली जिल्ला हुम्लामा सीता एयरलको जहाजले बुधबार बेलुका साढे चार बजे उडान भरेको छ। दिउँसो हावा लागेर दोस्रो उडान सो एयर लाइन्सले सिमकोटका लागि रद्द गरे पनि अहिले सिमकोटमा हावा रोकिएको कारण उडान भएको हो। मौसमले साथ दिएपछि ढिलो गरी भए पनि सिमकोटका लागि उडान भर्न सफल भएको सीता एयर नेपालगञ्जका वजार प्रबन्धक सन्दिप भण्डारीले जानकारी दिए। सीता एयरले यस वर्षको ढिलो गरी भरेको पहिलो उडान हो। उनले यात्रुको चापलाई ध्यानमा राखी र मौसमले साथ दिँदा यात्रु उडान भर्न सफल भएको बताए। उक्त उडानमा चौध जना यात्रु जिल्लामा आउन पाएका छन् भने त्यति नै सिमकोटबाट बाहिरिन पाएका छन्। बुधबारै काठमाडौंबाट नेपालगञ्ज आइपुगेको सो जहाजले पहिलो उडान सिमकोटका लागि भरेर दोस्रो उडान भर्ने तयारी गरे पनि इनरुटमा मौसम खराब हुँदा रद्द गरेको थियो। यो बुधवार सिमकोटका लागि तेस्रो उडान हो। यसअघि सीता र समिट एयरका जहाजले एक/एक उडान भरेका थिए।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:



आकर्षक
भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार



रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल



सम्पर्कका लागि
प्रधान कार्यालय :
कोहलपुर, न्यूरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, मम्मटी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

# दसैं तिहारको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम आयोजना

नमस्ते समाचारदाता
हुम्ला, असोज/१६

नेपाल ट्रेड युनियन कांग्रेस हुम्ला शाखाले शुभकामना आदान प्रदान कार्यक्रम आयोजना गरेको छ। नेपालीहरुको महान चाड दसैं तिहारको अवसर पारेर सो कार्यक्रम आयोजना गरिएको हो। उक्त कार्यक्रम नेपाल ट्रेड युनियन कांग्रेस हुम्लाका अध्यक्ष राजन रावतको अध्यक्षतामा सञ्चालन भएको थियो। कार्यक्रममा कांग्रेस कावा सभापति कैलाश भण्डारीले दसैं तिहार सबैका लागि सुख रहोसे भन्दै कांग्रेस कार्यकर्तामा संगठन निर्माण गर्ने उमंग पलाउनुपर्ने बताए। कांग्रेस उपसभापति वसन्त रोकायाले रहेक वर्ष दसैंको अवसरमा ट्रेड युनियन कांग्रेसले यो कार्यक्रम आयोजना गर्ने गरेको जानकारी दिँदै यसबाट पनि संगठन चलायमान बनाउन सहयोग मिलेको बताए। कांग्रेसका अन्य भ्रातृ तथा शुभेच्छुक संस्थाहरूले पनि यस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको उनले बताए। यस पटकको बडादसैंले पार्टी निर्माणमा सक्रिय रुपमा लाग्ने प्रेरणा दसैं तिहारले कार्यकर्तामा मिलाओस् भन्दै उनले यसका लागि पार्टी सहयोग गर्न तयार रहेको बताए। शुभकामना आदानप्रदान कार्यक्रममा पार्टी सचिव कृष्णबहादुर बोहरा, कोषाध्यक्ष बबिता शाही, महासमिति सदस्य एवं सिमकोट गापा उपाध्यक्ष सुशिला भाम रोकाया, नेविसंघका केन्द्रीय सदस्य नरबहादुर भण्डारी, प्रदेश ख की कोषाध्यक्ष सरिता रावत, स्थानीय तह कर्मचारी युनियनका केन्द्रीय उपाध्यक्ष मोहनबहादुर शाही, बिपी चिन्तन प्रतिष्ठान सभापति मधु बस्नेत शाही, निजामती कर्मचारी युनियनका अध्यक्ष विशाल बोहरा, नेपाली कांग्रेसका जिल्ला कार्य समितिका सदस्य भिमराज शाही, सिमकोट गाउँपालिका, २ का अध्यक्ष देवजंग बोहरा ४ का अध्यक्ष प्रताप लामा, नेपाल रेडक्रम सोसाईटीका सभापति गणेश महत, प्रजातान्त्रि विचार समाजका अध्यक्ष राजबहादुर शाही, सिमकोट गापा वडा नम्बर ५ सभापति कुलबहादुर रावतलगायतले शुभकामना आदान प्रदान गरेका थिए। कार्यक्रमको उद्घाटन ब्यानर पढ्ने र धुप प्रज्वलन कावा सभापति भण्डारीले गरेका थिए। प्रत्येक सहभागीबाट परिचयसहित दसैं तिहारको शुभकाना व्यक्त गरिएको थियो।



जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं। बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौं।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं। हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं।

पर्लांता गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पर्लांता, कालीकोट

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।

अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

नमस्ते कर्णाली राष्ट्रिय दैनिक Namaste Karnali National Daily
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके